# लो-घेकर दामोदरकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चराङ, मुस्ताङ
## गण्डकी प्रदेश

प.सं.: ०७७/०७८
च.नं.:

मिति : २०७७/०४/०५

**विषयः–न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।**

**श्री ..........................................................,**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ को दफा १८ बमोजिम आर्थिक वर्ष २०७७/०७८ मा स्थानिय तह मातहत रहेको रोजगार केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योग्दान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुको आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा वेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूचि १ बमोजिम हुनुनपर्ने छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट : www.pmep.gov.np वा लो घेकर दामोरकुण्ड गाउँपालिकाको वेवसाइट : www.loghekardamodarkundamun.gov.np बाट प्राप्त गर्न सकिने छ । विस्तृत जानकारीको लागि लो घेकर दामोदरकुण्ड गाउँपालिकाका रोजगार संयोजक **श्री दावा टसी गुरुङ्ग** (९८६००७२६९०) तथा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

निवेदन दिन आउँदा तपसिल बमोजिमका कागजातहरु अनिवार्य रुपमा ल्याउनुहुन अनुरोध गरिन्छ ।

**तपसिल:**

१. निवेदन दिने व्यक्तिको नागरीकताको प्रमाणपत्रको प्रतिलिपी ।
२. निवेदन दिने व्यक्तिको फोटो एक प्रति ।
३. परिवारका सम्पूर्ण सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (नागरिकता नबनेको हकमा जन्म दर्ताको प्रतिलिपी) ।
४. बसाईसराई गरि आएको भए बसाईसराईको प्रतिलिपी ।
५. परिवारमा अपाङ्ग सदस्य भएमा अपाङ्गताको प्रकृति खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
६. आवेदकले हासिल गरेको सिप भएमा सिप सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी ।

**नोट : निवेदन दिने अन्तिम मिति २०७७/०४/०८ देखि २०७७/०५/०७ गते सम्म ।**
**हजुरले भरेको फाराम EMIS मा प्रविष्टि गर्नुपर्ने हुँदा फाराम स्पष्ट बुझिनेगरी भर्नुहोला, अपूर्ण फाराम EMIS मा प्रविष्टि गरिने छैन ।**

..............................
**मनोहर ढुङ्गाना**
**प्रमुख प्रशासकीय अधिकृत**

Website: www.loghekardamodarkundamun.gov.np, Email: loghekardamodarkundamun@gmail.com